# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली,
## सुदूरपश्चिम प्रदेश, नेपाल

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

### आन्तरिक आयको ठेक्का सूचना

### प्रथम पटक प्रकाशित मिति : २०८२।१२।२६

टीकापुर नगरपालिकाको देहाय बमोजिमको आन्तरिक आयको ठेक्काहरु बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा मिति २०८२।१२।२६गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि पुनः बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति २०८३।०१।१० गते कार्यालय समयसम्म र बोलपत्र प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८३।०१।११ गते दिनको १२:०० बजेसम्म कायम गरिएको छ । बोलपत्र खोल्ने मिति २०८३।०१।११ गते दिनको २:०० बजे रहेको छ । बोलपत्र फाराम बिक्री तथा दर्ता सम्बन्धी कार्य यस कार्यालयको राजस्व शाखाबाट हुनेछ ।

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्यूनतम ठेक्का रकम (प्रति कोठा मासिक भाडा दर घर बहाल कर सहित) रु. | धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु. | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| TMO/IR/67 /2082/083 | ७ नं.वडा कार्यालय परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.४ को बहाल सम्बन्धी ठेक्का | २०१०।- (अक्षरेपि दुई हजार दश मात्र) | सात वर्षको जम्मा कबोल अंकको ५ प्रतिशत | १,०००।- | सम्झौता भएको मिति देखि ७ वर्षसम्म |
| TMO/IR/68 /2082/083 | ७ नं.वडा कार्यालय परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.४ को बहाल सम्बन्धी ठेक्का | २०१०।- (अक्षरेपि दुई हजार दश मात्र) | सात वर्षको जम्मा कबोल अंकको ५ प्रतिशत | १,०००।- | सम्झौता भएको मिति देखि ७ वर्षसम्म |

यस सम्बन्धी विस्तृत सूचना यस कार्यालयको वेवसाइट www.tikapurmun.gov.np मा हेर्न हुन र थप जानकारीको लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली सुदुरपश्चिम प्रदेश, नेपाल

**(प्रथम पटक प्रकाशित मिति : २०८२।१२।२६ गते)**

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको टी.न.पा.-७, सत्ती स्थित ७ नं.वडा कार्यालय परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनको कोठा (सटर) नं.४ र ५ सात वर्षको लागि बढावढ प्रक्रियाद्वारा बहालमा लगाउनु पर्ने भएकोले इच्छुक फर्म/संस्थाहरुले तपसिलमा उल्लेखित सर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम ठेक्का रकम (प्रति कोठा मासिक भाडा दर घर बहाल कर सहित रु.) | | बोलपत्र फाराम दस्तुर/ठेक्का अवधि र धरौटी रकम |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| १ | TMO/IR/67/2082/083 | ७ नं.वडा कार्यालय परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.४ को वहाल सम्वन्धी ठेक्का | २,०१०।- | दुई हजार दश मात्र | बोलपत्र फाराम दस्तुर : प्रति ठेक्का रु.१,०००।- ठेक्का अवधि : ठेक्का सम्झौता भएको मिति देखि ७ वर्षसम्म धरौटी : ७ वर्षको जम्मा कवोल अंकको ५% |
| २ | TMO/IR/68/2082/083 | ७ नं.वडा कार्यालय, सत्तीको परिसरमा रहेको सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं.५ को वहाल सम्वन्धी ठेक्का | २,०१०।- | दुई हजार दश मात्र | |

**सर्तहरु :**

१. वोलपत्र प्रस्ताव पेश गर्न इच्छुक फर्म वा संस्थाले लिखित निवेदन सहित यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०८३।०१।१० गते) कार्यालय समयसम्म यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा वोलपत्र फाराम दस्तुर वापतको रु.१,०००।- (पछि फिर्ता नहुने गरी) बुझाई वोलपत्र फाराम खरिद गरी १६औं दिन (मिति २०८३।०१।११ गते) दिनको १२:०० वजेसम्ममा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । उक्त बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २:०० वजेदेखि वोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

२. वोलपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन वोलपत्र दाखिला गर्न र खोल्न सकिनेछ ।

३. वोलपत्र फाराम खरिद गर्दा फर्म/संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म/संस्थाको स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, फर्मको हकमा नेपाल सरकार वा प्रदेश सरकारको सम्वन्धित निकायका साथै वडा कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, संस्थाको हकमा सम्वन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै टीकापुर नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर वुझाएको हुनु पर्नेछ । वाँकीवक्यौता रहेको फर्म वा संस्थाले यस ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन ।

४. वोलपत्र फारामको शिलवन्दी खाम वाहिर यस कार्यालयको नाम सम्वोधन गरी सम्वन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी वोलपत्रदाताको नाम र ठेगाना पनि उल्लेख गर्नु पर्नेछ ।

५. वोलपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. वोलपत्रदाताले कवोल गरेको मासिक भाडा रकममा प्रत्येक २/२ वर्ष पछी पहिलो महिनाको बहाल रकमको दश प्रतिशतका दरले मासिक बहाल रकम स्वत वृद्धि हुँदै जाने भएकोले सोही बमोजिम तेस्रो, पाँचौं र सातौं वर्षबाट थप वृद्धि हुने बहाल रकम सहित ७ (सात) वर्षको हुने जम्मा भाडा रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले जारी गरेको ९० (नब्बे) दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ । साथै वहाल सम्झौता गर्दाको बखत ६ महिनाको वहाल रकम बराबरको धरौटी रकम बुझाउनु पर्नेछ ।

७. एउटा फर्म वा संस्थाको नामवाट खरिद गरिएको वोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

८. पेश भएको बोलपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. ठेक्का सम्झौता भएको मितिले २/२ वर्ष पछी शुरु ठेक्का रकम बमोजिम कायम भएको मासिक बहाल दरमा दश प्रतिशतका दरले स्वत:वृद्धि हुँदै जानेछ ।

१०. बहाल रकम मासिक रुपमा बुझाउनु पर्नेछ । अग्रिम बुझाएमा प्राप्त हुने छुट तथा ढिलो बुझाएमा लाग्ने जरिवाना टीकापुर नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ सो बाहेक अन्य कुनै पनि किसिमको छुट तथा मिनाहा पाईने छैन ।

११. यस ठेक्का सम्वन्धी घर वहाल कर रकम बाहेक प्रचलित कानून बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने अन्य कर, दस्तुर आदि ठेक्का प्राप्त गर्ने पक्षले नै बुझाउनु पर्नेछ ।

१२. म्याद नाघी आएको, रित नपुगेको, सर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. कोठा (सटर) मा कुनै प्रकारको हानिनोक्सानी गर्न पाइने छैन । हानिनोक्सानी भएमा त्यसको क्षतिपूर्ति स्वयं बहालमा लिनेले व्यहोर्ने तथा मर्मत संभार गर्नु पर्नेछ ।

१४. कोठा बहालमा लिने पक्षले आफुले प्राप्त गरेको कोठा (सटर) मा हार्डवेयर (छड र सिमेन्टको), सिसा सम्वन्धी मालसामानको व्यवसाय संचालन गर्न साथै मदिरा तथा सुर्तीजन्य पदार्थ, प्रज्वलनशिल पदार्थको र प्रचलित कानुनद्वारा निषेधित गरिएका सामानहरुको व्यवसाय संचालन गरी बिक्रि वितरण गर्न पाईने छैन ।

१५. फर्मको हकमा आफुले प्राप्त गरेको कोठा कुनै पनि अवस्थामा अर्को व्यक्ति/फर्म/संस्थालाई दिन पाईने छैन तर संस्थाको हकमा भने कवोल गरे वमोजिमको भाडा र नियमानुसार लाग्ने अन्य रकम बोलपत्रदाता संस्थाले नै यस कार्यालयलाई बुझाउने गरी अर्को व्यक्ति/फर्म/संस्थालाई दिन सक्नेछ ।

१६. अन्य कुराहरु वहाल सम्झौता पत्रमा उल्लेख भए वमोजिम र प्रचलित ऐन, कानुन तथा टीकापुर नगरपालिकाको निर्णय वमोजिम हुनेछ ।

१७. यस सम्वन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत



Website : www.tikapurmun.gov.np Email : tikapurmun@gmail.com

CS Scanned with CamScanner